बैठक संख्या: १२० (एक सय बीस)
समय: बिहान ८:०० बजे

आज मिति २०८२ माघ २८ गते बुधबार दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | [signature] |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | [signature] |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | [signature] |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | [signature] |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | [signature] |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | [signature] |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | [signature] |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | [signature] |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | [signature] |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | [signature] |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | [signature] |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | [signature] |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री हरि प्रसाद प्याकुरेल | नि.प्रमुख प्रशासकीय अधिकृत | [signature] |

## १२० औं कार्यपालिका बैठक (मिति २०८२ माघ २८ गते) को प्रस्तावनाहरु:

**प्रस्तावहरू:**

१) विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।

२) आ.व. ०८३/०८४ को संघीय समपुरक, विशेष योजना, र सडक बोर्डको योजना समेत छनौट सम्बन्धमा ।

३) कोन्ज्यो सोम कठेरी युवा क्लबको खेल मैदान सार्वजनिक जग्गामा निर्माण सम्बन्धमा ।

४) योजनाको भुक्तानी सम्बन्धमा ।

५) योजना सम्झौताको समय सिमा निर्धारण सम्बन्धमा ।

६) साल्ट ट्रेडिङ/कृषि सामग्री संस्थानको मलको धरौटी सम्बन्धमा ।

७) विविध

क) घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।

ख) वडा नं.५ गंगटेमा रहेको गल्छी त्रिशुली मैलुङ स्याफ्रुबेसीं सडक निर्माणको क्रममा सामुदायिक भवन भत्कदा निस्किएका सामान लिलामी गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु सम्बन्धित शाखा प्रमुखहरुलाई विधि र प्रक्रिया पुर्‍याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२. क) समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८२ को दफा ४ को उपदफा २ अनुसार निम्न अनुसारको योजना छनौट गरी राष्ट्रिय आयोजना आयोगमा पठाउने सर्वसम्मत निर्णय गरियो।

१. सिलट्याङ्घी हुँदै आङ्गपुटारबाट कुटी चौतारो निस्कने सडक स्तरोन्नति ।

२. रातमाटे साँहुगाउँ सडक स्तरोन्नति ।

३. रिमाल डाँडा नर्सरी जाने सडक स्तरोन्नति ।

ख) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ को दफा ४ उपदफा २ अनुसार निम्न अनुसारको आयोजना छनोट गरी राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

१. गदीया खोला (मुहान गरी विदुर वडा नं. १, ७, ८, ९) खानेपानी आयोजना ।

ग) सडक वोर्ड नेपालको च.न.६७८ मिति २०८२/०९/२८ को पत्रानुसार अख्तियारी प्राप्त भई आ.व.२०८२/०८३ मा रु.३८ लाख बजेट विनियोजन भई आएको हुँदा विनियोजित रकम तोकिएको रकम लागत साझेदारी गरी कार्यान्वयन गर्न तपसिल बमोजिमको योजना छनौट गर्ने निर्णय गरियो ।

१.उपल्लो गेर्खु - वर भन्ज्याङ - छापटार सडक स्तरोन्नति - रू. १० लाख, विदुर-११

२. देवीघाट पुरानो सामुदायिक विद्यालय मुनि पारिजातको बोट हुँदै पुसनटार चौतारो छापथोकखङ्गभञ्याङ मोटर बाटो। - रू १० लाख विदुर,३

३. मञ्जुश्री होटल हुँदै तरकारी संकलन केन्द्रबाट नुवाकोट जाने सडक स्तरोन्नति। -रू.१५ लाख विदुर-२

४. मान्द्रे ढुंगाबाट चैनपुर हुँदै खङ्गभञ्याङ जाने सडक स्तरोन्नति ।- रु.१० लाख विदुर-६,१२

५. गेर्खुटार बेल्टारी सडक स्तरोन्नति। - रु. ९ लाख विदुर-१०

३. विदुर नगरपालिका वडा नं.१२ को प.स.०८२/०८३ को च.नं. ९७३ मिति २०८२/०९/२८ को पत्र अनुसार उक्त वडाको सार्वजनिक जग्गामा निर्माण गर्न सहमति मागसहित लेखी आएको हुँदा उक्त पत्र अनुसार क्लबको नाममा विनियोजन भएको रकम उक्त कि.नं. मा खेल मैदान निर्माण गर्न सिफारिस गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

४. आर्थिक वर्ष ०८२/०८३ मा स्वीकृत रकम मध्ये अनुमानित स्रोतबाट न्यून रकम प्राप्ति भएकोले आयोजनाको रकम हाललाई प्रथम किस्ता वापत जम्मा उपलब्ध गराउनुपर्ने रकमको ६० प्रतिशत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

५. आर्थिक वर्ष ०८२/०८३ को स्वीकृत आयोजना तथा कार्यक्रम मिति २०८२ चैत्र १५ गतेसम्म सम्झौता गरी सक्ने सो को जानकारी वडा कार्यालयहरुलाई गराउने सर्वसम्मत निर्णय गरियो।

६. यस विदुर नगरपालिका भित्रका सहकारी संस्थाहरुले रसायनिक मल कृषकहरुलाई वितरण गर्न लैजाने क्रममा राख्ने धरौटी रकम बृद्धि गरेको हुँदा कृषकहरुलाई मल वितरण समस्या भएकोले साल्ट ट्रेडिङ कम्पनी र कृषि सामाग्री संस्थानलाई बृद्धि गरिए अनुसारको रकम घटाउन अनुरोध गरी पठाउने सर्वसम्मत निणय गरियो।

७. विविध

क. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ को उपदफा १ अनुसार यो ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानून बमोजिम नक्सापास गर्नुपर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने नगरपालिकाले ऐन प्रारम्भ भएपछि सूचना प्रकाशन गरी नक्सामा भएको छुटफुटलाई अभिलेखिकरण गर्ने स्वीकृत दिन सर्वसम्मत निर्णय गरियो ।

ख. विदुर नगरपालिकाको वडा नं. ५ मा रहेको साविक गंगटे साझा संस्था भवन गल्छी त्रिशुली मैलुङ स्याफ्रुबेसीं सडक विस्तारको क्रममा भत्किन गएकोले त्यो संस्थामा भएका जस्ता,सटर,काठ,ग्रिल,फलाम लगायत सामान लिलाम गर्नुपर्ने भएको हुँदा तपसिलमा उल्लिखित मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी लिलाम प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

| | |
|---|---|
| १.श्री सरला श्रेष्ठ (अधिकृत छैटौं) | -संयोजक |
| २.श्री रण बहादुर थापा मगर (अधिकृत छैटौं) | -सदस्य |
| ३.श्री बद्री रिजाल (लेखापाल) | -सदस्य |
| ४.श्री कृष्ण रिमाल (सब-इन्जिनियर) | -सदस्य |
| ५.श्री शिवहरि गजुरेल (वडा सचिव) | -सदस्य सचिव |